Sikkim Reporters 28-07-19

# Landslide Devastation: DC North distribute aid to landslide affected people

**Nita Nirash**

**Gangtok, July 27:** DC North visited Tingchim, today located on the way to Mangan. He met 6 families evacuated from landslide hit area earlier. They have been given shelter in the quarters of Primary Health Sub-Centre and Community Centre. DC Rinzing Chewang provided essential items to the families. They told DC about their problems. After giving a patient hearing DC Chewang, accompanied by Upadhyaksha, Panchayat and villagers inspected different landslide areas. While a Truck SK 01 D0407, belonging to certain contractor was covered by sliding slush and stones from the hillside near Legship, on its way from Geyzing West Sikkim to Jorethang South today. After some time a big sliding rock fell on it and Truck was smashed.

Driver and Handy boy managed to escape without any injury.



समय दैनिक 28-07-19

# तिरेतिरे धाराको पैह्रोले रात–दिन समस्या

**रिनाक, २७ जुलाई।**

२४ जुलाईको रातिदेखि परिरहेको पानीले आरीटार किङ्स्टोन तिरतिरे धारामा ठूलो पैह्रोले धेरै जन-धनलाई क्षति पुऱ्याएको छ। तिरतिरे धारामा आएको यो पैह्रोले सबिना प्रधान, भीम बहादुर प्रधान, चन्द्र प्रधानको घरलाई पूरै क्षति पुऱ्याएपछि यहाँका घर-परिवारलाई अन्य स्थान सारिएको छ। निरन्तर परिरहेको पानीसितै झरिरहेको पैह्रोको भल-लेदोले भीमबहादुर प्रधानको घरको भित्ता भत्काएर दुई कोठा पुरिएको अवस्था छ भने सबिना प्रधानको घरलाई पुरेर आँगनभरि बाँसघारीले ढाकेको छ।



यसै अवस्थालाई लिएर आज तिरतिरेधारा विकल्प समाजको एक आकस्मिक सभा बसेको प्रसार प्रसार सचिव बिन्दु गुरुङले बताएका छन्। समाजका सभापति भगत कुमार प्रधानको अध्यक्षतामा सम्पन्न सभामा पैह्रोको समस्यामाथि चर्चा गरिन्दै समाजका सदस्यहरूद्वारा पैह्रो पीडित भीमबहादुर प्रधान अनि उनको परिवारलाई अन्य स्थानमा सारियो। यसका साथै भत्किएको घरका सरसमानहरू सुरक्षित ठाउँमा पुऱ्याउन श्रमसहयोग गरियो। समाजको तर्फबाट पीडित परिवारलाई केही आवश्यक सामग्रीको निम्ति कोषको सहयोग पनि गरियो। यस सभामा सभापतिसहित उपसभापति धनकुमार छेत्री, सचिव थमन नौबाग, सहसचिव अर्जुन प्रधान, कोषाध्यक्ष रञ्जन प्रधानसहित सजना प्रधान, बिन्दु गुरुङ, टीकाराम प्रधानको विशेष उपस्थिति रहेको थियो।

स्मरणीय, गत २५ जुलाईमा यस पैह्रोको स्थलगत निरीक्षण गर्न महकुमा अधिकारी रङ्गेली, आरीटार ग्राम पञ्चायत सभापति हेमचन्द्र प्रधानसहित वार्ड पञ्चायत रिता प्रधान, जिल्ला पञ्चायत, ग्रामीण प्रबन्धन एवं विकास विभागीय अभियन्ता पुगेका थिए। यद्यपि, बगुवा पैह्रोलाई रोकथाम गर्न कठीन भएपनि सरकारी पक्षबाट

रहल पृष्ठ ०६-मा

## तिरेतिरे 28-07-19

# धाराको पैहोले ...

समाधानको निम्ति पहल जारी छ। यी घरहरूबाहेक अन्य वरिपरिका रहेका अन्य घरहरूलाई समेत पैह्रोले ताछे पूरै डर भएको अनि न दिनमा चैन, न रातमा निंद बनाएको, यसर्थ यस भेकवासीहरूले सरकार पक्षबाट शीघ्र पहल गरियोस भन्ने माग गरेका छन्। पैह्रोले गर्दा हाल रिनाक आरीटार सडक मार्ग पनि धेरै दिनदेखि बाधित रहेको अवस्था छ।